बैठक संख्या: ०९ /०७८

मिति: २०७८/०५/२१ सोमबार

<u>निर्णयहरू:</u>

| सि. नं. | निर्णय | समयावधी | जिम्मेवार पदाधिकारी | सहयोगी निकाय/पदाधिकारी | अन्य विषय |
|---|---|---|---|---|---|
| १ | मिति २०७८/०३/०२ मा सम्पन्न सचिव बैठकको निर्णयबाट प्रदेश सरकार अन्तर्गतका जिल्ला स्थित कार्यालयहरुलाई एकीकृत गरी सेवा प्रवाह गर्ने विषयमा खाका तयार गर्न गठित कार्यदलबाट हालसम्म भए गरेका कार्यहरुको समीक्षा गरी कार्यदलले बाँकी कार्य यथाशीघ्र पूरा गर्ने। सो सम्बन्धमा विभिन्न मन्त्रालयबाट भए गरेका निर्णय, सम्पादित कामको विवरण तथा प्रतिवेदन सबै मन्त्रालयहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पाँच दिन भित्र पेश गर्ने। | ५ दिन | सबै मन्त्रालयका सचिव | प्रमुख सचिव | - |
| २ | सबै मन्त्रालय तथा आयोगहरुले आफू र आफू मातहत रहेका कार्यालयहरुबाट प्रवाह गर्नुपर्ने सेवाको विस्तृत सूची (Detail List of Services) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। | अधिकतम ७ दिन | सबै मन्त्रालय तथा आयोगका सचिव | प्रमुख सचिव | - |